# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८१ कातिक-पुष
## सम्पादित प्रमुख क्रियालापहरुको विवरण



## भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## इनरुवा, सुनसरी, कोशी प्रदेश

# स्वतः प्रकाशन ( Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शिर्षक उल्लेख गरिएका छन् । यस कार्यालयले २०८१ कातिक-पुष अवधिमा सम्पादित प्रमुख कार्यहरु प्रकाशित गरेका छु ।

डा.मनोज कुमार महतो
निमित कार्यालय प्रमुख
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
इनरुवा, सुनसरी
कोशी प्रदेश

मितिः २०८१ माघ २ गते

## विषय सूची


१. कार्यालयको स्वरुप र प्रकृति

२. कार्यालयको काम, कर्तव्य र अधिकार

३. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. कार्यालयबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

१५. सार्वजनिक निकायको वेबसाइट

१६. वैदेशिक सहयता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

### १. निकायको स्वरुप र प्रकृतिः

नेपालको कृषि प्रणालीमा पशुपंक्षी पालन व्यवसायको महत्व अनादिकाल देखि आजसम्म रहि आएको छ । पशुपालन व्यबसायलाई विविधिकरण, व्यबसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पऱ्याउने पशु सेवा विभागको प्रमुख उदेश्य हो । बि.सं. १९९६ मा पहिलो पटक काठमाण्डौमा एलोप्याथिक प्रणाली अनुसार एक भेटेरिनरी डिस्पेन्सरीको स्थापना भयो र उक्त डिस्पेन्सरी बि.सं. १९९६ मा पशु चिकित्सालयमा परिणत भएको थियो । वि.सं. २०१४ साल सम्ममा १० जिल्लाहरुमा पशु अस्पतालहरुको स्थापना भयो । पशु स्वास्थ्य सेवाको आवश्यकता बढ्दै गएकोले भारत, FAO / OXFAM को सहायतामा देश व्यापी रुपमा सेवा पऱ्याउन ३३ वटा अस्पताल, २१ डिस्पेन्सरी र १८ वटा चेकपोष्ट वि.सं. २०२१ सम्ममा स्थापना भएको समयमा नै सुनसरीमा समेत अहिलेको विज्ञ केन्द्र भेटेरिनरी डिस्पेन्सरीको नामबाट स्थापना भएको थियो। वि.सं. २०२३ सालमा पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना गरी सोही विभागको मातहतमा राखि पाचौं पंचबर्षिय योजनादेखि पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन् तथा पशुपालन व्यबस्थापन सेवालाई एकीकृत रुपमा कृषकहरुको घर दैलोमा पऱ्याउने उदेश्यले समन्वयात्मक पशु सेवा कार्यक्रम संचालन गरियो । बि.सं. २०२९ सालमा कृषिका सम्पुर्ण कार्यहरु समन्वयात्मक रुपमा लानको लागि पशु विकास तथा पशु स्वास्थ्य विभागलाई पुनः कृषि विभागमा गाभेर पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरु गर्दै आएको थियो ।पशुपालन ब्यबसायको बढ्दो माग पूरा गर्न पशु सेवामा आएको कमीलाई महशुस गरी बि.सं. २०३६ मा पुनः पशु विकास तथा पशु स्वास्थ्य विभाग (पछि पशु सेवा विभागको नाममा) पुनर्गठन गरि सो विभागको मातहतमा राखि यस जिल्लाबाट समेत पशु विकास तथा पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरेको थियो ।वि.सं. २०३९ सालमा तत्कालिन जिल्ला पंचायात सचिवालयको अधिनमा रहि कार्यक्रम संचालन गर्ने गरी पशु स्वास्थ्य र पशु विकास शाखा शाखामा परिणत भयो । श्री ५ को सरकार मिति २०४५/५/१० गतेको निर्णय पछि जिल्लामा पशु सेवा शाखा नामबाट जिल्ला सदरमुकाममा कार्यालय स्थापना गरी ग्रामिण क्षेत्रमा सेवा केन्द्रहरु स्थापना गरी पशु स्वास्थ्य तथा पशु विकास सम्बन्धी कामकाज गर्दै आएको थियो। वि.सं. २०४९ सालमा पुनः कृषि क्षेत्रका सबै सेवात्मक निकायहरुलाई समेटी कृषि विकास विभागको गठन गरी जिल्ला कृषि विकास कार्यालय मातहतमा राखि पशु सेवा तथा पशु स्वास्थ्य कार्यक्रमहरु संचालन गरियो । तत्पश्चात व्यबस्थापन पक्षमा जटिलता र सेवामा शिथिलता आएको महसुस गरी पुनः २०५२ साल श्रावण १ गते पशु सेवा विभागको मातहत स्थापना गरी सोही विभाको मातहतमा जिल्ला पशु सेवा कार्यालयको संरचना सहित ग्रामिण क्षेत्रहरुमा सेवाकेन्द्र/उपकेन्द्र स्थापना गरी कार्यक्रम संचालन गर्दै आएको थियो ।यसै क्रममा आ.व.२०५५/५६ यस कार्यालयको कार्यक्रम विकेन्द्रीकरणको भावना अनुसार जिल्ला विकास समितिको मातहतबाट वार्षिक कार्यक्रम स्वीकृत गर्ने गरी जिल्लाका पशु सेवा सम्बन्धी कार्यक्रमहरु जिल्ला पशु सेवा कार्यालय र सेवा केन्द्र/उपकेन्द्रबाट संचालन गरिएको थियो । २०७२ सालमा गरिएको नेपालको संविधानमा देशमा संघीयता लागू गरि सोको कायार्न्वयन गर्न उद्देश्य अनरुप संघ, प्रदेश

र स्थानीय तह गरितीन तहको राजनीतिक तथा प्रशासनिक इकाइहरुरहने व्यवस्था भएको छ । संवैधानिक व्यवस्था अनुसार वि.सं. २०७४ सालमा तीनै तहको निर्वाचन भई संघीयता कायान्र्वयनको चरणमा अगाडि वढि रहेका छ । पछिल्लो चरणमा देशलाई एक संघ, सात प्रदेश तथा ७५३ स्थानीय (महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका र ७७ जिल्ला समन्वय समितिहरु समेत) तहमा विभाजन गरी सबैलाई संविधानले प्रदत गरेको आर्थिक, प्रशासनीक तथा राजनीतिक अधिकारको उच्चतम प्रयोग गर्न अवसर भएको छ ।

नेपालको संविधान, संघीय कानून तथा प्रदेश कानूनको अधिनमा रही प्रदेशको आवश्यकता र सम्भाव्यता अनुरुप कृषि विकास सम्बन्धी नीति तर्जुमा कायान्र्वयन गर्न मूल उद्देश्य लिई यस कार्यालयले लक्ष्य व्यवसायिक एवं प्रतिस्पधात्र्मक कृषि प्रणालिबाट उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्‍याउनु रहेकोले नेपालको संविधान २०७२ अनुसार कार्य विवरण तोकि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहत रहने गरी २०७५ साल असोज महिनाको २६ गते भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना भई प्रदेश सरकारको कार्य विवरण बमोजिम कामकाज गर्दै आएको छ ।

## २. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको काम, कर्तव्य र अधिकारः

पशुपन्छी तथा मत्स्य विकासका माध्यमबाट स्वरोजगार प्रवर्द्धन र आय आर्जनका बैकल्पिक अवसरहरु श्रृजना गरि कृषक समुदायको गरिबि न्यूनिकरण, उत्पादन विविधकरण, परिवारिक पोषण र जिवन स्तरमा सुधार गर्दै व्यवसायिकरण, बजारिकरण लक्षित रणनीति अख्तियार गरी उद्यमशिलताको प्रवर्द्धन र पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यका साथ निम्न कार्यहरु गर्ने गराउने रहेको छ ।

१. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालनका लागि प्रदेश सरकारको कार्यान्वय इकाईको रुपमा कार्य गर्ने ।
२. रोग निदान र उपचारका लागि भेटेरिनरी अस्पताल तथा विज्ञ सेवा प्रदान गर्ने ।
३. पशुपन्छी रोग निदान र उपचारका लगि Basic Veterinary Laboratory सेवा प्रदान गर्ने ।
४. पशु आहारा आपुर्तिको सुनिश्चितताका लागि स्थान विषेशको सम्भाव्यताका आधारमा चरन तथा खर्कको संरक्षण र विकास सम्बन्धि प्रादेशिक निति तथा कार्यक्रम कार्यान्वयन गर्ने ।
५. स्थानिय तहको सहकार्यमा भूइँ तथा डालेघाँसको प्रवर्द्धन र घाँस संरक्षणका विधिहरुको प्रचार प्रसार एवं प्रवर्द्धन गर्ने ।
६. पशुपन्छी तथा मत्स्य नश्लको गुणस्तर निर्धारण र नियमन गर्ने ।
७. उन्नत नश्लका पशुपन्छी तथा मत्स्यको प्रादेशिक श्रोतकेन्द्र विकासमा सहयोग गर्ने ।
८. पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको व्यवस्थित बजारिकरण, औधोगिकरण र निकासी प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरुको विकास र सञ्चालनमा टेवा पुर्‍याउने ।
९. जनस्वास्थ्य संरक्षणका लागि जुनोटिक एवं सिमा विहिन माहामारीजन्य रोगहरुको नियमन तथा व्यवस्थापन गर्ने ।
१०. कार्यक्षेत्र भित्रका कृषक र व्यवसायीहरु लक्षित पशुपन्छी तथा मत्स्य विकास संग सम्वन्धित विशिष्टीकृत ज्ञान र शीप प्रदान गर्ने ।

११. स्थानिय तहमा कार्यरत प्राबिधिकहरुको क्षमता र दक्षताले नभ्याउने प्रकृतिका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि प्राविधिक सेवा टेवा र पृष्ठपोषण प्रदान गर्ने ।

१२. महामारी र प्राकृतिक प्रकोपका कारण भएको पशुधनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति, राहत र पूनरस्थापनका कार्यहरु गर्ने गराउने ।

१३. पशुपन्छी तथा मत्स्य जैविक विविधताको पहिचान,अभिलेखिकरण,संरक्षण,उपयोग र प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

१४. स्थानिय तह संगको समन्वयमा बिषयगत तथ्याङ्क संकलन र प्रेषण हुने प्रबन्ध मिलाइ आवधिक तथ्याँकहरु तालुक निकायमा पठाउने ।

१५. मत्स्य विकास सम्बन्धि प्रादेशिक निती नियमले निर्दिष्ट गरे बमोजिमका कार्यक्रम सन्चालन गर्ने ।

१६. पशुपन्छी तथा मत्स्य विकास क्षेत्रका ऐन,नियम, मापदण्ड र संहिताहरुको कार्यान्वयन र नियमन गर्ने ।

१७. स्थानीय आवस्यक्तामा आधारित पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि आधारभूत अध्ययन परिक्षणहरु सन्चाल नगर्ने ।

१८. प्रदेश सरकारको लक्ष मुताविक दूध, मासु र अण्डाको उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गरि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने ।

१९. भेटेरिनरी तथा पशु विज्ञान विषयको स्नातक वा JT/JTA कोर्षमा अध्ययनरत विधार्थीहरुको इन्टर्नसिप वा OJT प्रशिक्षणमा सहयोग गर्ने ।

२०. स्थानिय तहबाट जारी हुने पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि ऐन, नियमावली,निर्देशिका,कार्यविधि र मापदण्ड तर्जुमामा आवश्यक पृष्ठपोषण समन्वय र सहकार्य गर्ने ।

२१. पशुपन्छी तथा मत्स्य विमा तथा सहुलियत ब्याज दरको कृषि कर्जा प्रवाहमा समन्वय र सहजिकरण गर्ने ।

२२. पशुपन्छि तथा मत्स्य विकास क्षेत्रका नविनतम प्रविधि ,श्रब्यदृश्य सामग्रि र जानकारी मूलक सूचना प्रवाह गर्ने तथा पशु सेवा सूचना केन्द्रको रुपमा कार्य गर्ने ।

२३. प्रदेश अन्तर्गत सन्चालन हुने संघिय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, आयोजना, कृयाकलापहरुमा आवश्यक समन्वय सहकार्य गर्ने ।

२४. पशुपन्छी तथा मत्स्य विकासको सन्दर्भमा प्रदेश र स्थानिय तहहरु बिच समन्वय गर्ने ।

२५. तालुक मन्त्रालय र निर्देशनालयको निर्देशन मुताविकका अन्य कार्यहरु गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः

- स्वीकृत कर्मचारी दरवन्दी संख्या १५ जना
- स्थायी कर्मचारी कार्यरत संख्या ९ जना
- करार सेवामा कार्यरत कर्मचारी संख्या २ जना

## ३.१ निकायको संगठनको स्वरुपः

**ब.प.चि./ब.प.वि.अ./ब.म.वि.अ.**
**नवौं/दशौं तह-१**
**समुहकृत नहुने**

**पशु चिकित्सा तथा प्रयोगशाला शाखा**
प.चि.(अधिकृत सातौं/आठौं)-१
प.स्वा.प्रा(पाँचौ/छैटौं)-१
ना.प.स्वा.प्रा.(चौथो/पाँचौ)-१

**मत्स्य विकास शाखा (मत्स्य)**
म.वि.अ.(अधिकृत सातौं/आठौं)-१
प्रा.स.(पाँचौ/छैटौं)-१
ना.प्रा.स.(चौथो/पाँचौ)-१

**पशु विकास तथा प्रविधि प्रसार शाखा**
प.वि.अ.(अधिकृत सातौं/आठौं)-१
प.से.प्रा(पाँचौ/छैटौं)-१
ना.प.से.प्रा.(चौथो/पाँचौ)-१

**प्रशासन शाखा**
ना.सु.(पाँचौ/छैटौं)-१
लेखापालः(पाँचौ/छैटौं)-१
ह.स.चा (श्रेणीविहिन)-१
कार्यालय सहयोगी(श्रेणी विहिन)-२

## ३.२ दरबन्दी तेरिजः

| सि.नं. | पदको नाम | श्रेणी /तह | सेवा | समूह / उपसमूह | जम्मा दरबन्दी |
|---|---|---|---|---|---|
| १ | ब.प.चि./ब.प.वि.अ./ब.म.वि.अ. | नबौं/दशौं | कृषि | भेटेरिनरी /ला.पो.डे.डे./मत्स्य | १ |
| २ | पशु चिकित्सक | सातौं/आठौं | कृषि | भेटेरिनरी | १ |
| ३ | पशु विकास अधिकृत | सातौं/आठौं | कृषि | ला.पो.डे.डे. | १ |
| ४ | मत्स्य विकास अधिकृत | सातौं/आठौं | कृषि | मत्स्य | १ |
| ५ | नायव सुव्वा | पाँचौ/छैटौं | प्रशासन | सामान्य प्रशासन | १ |
| ६ | लेखापाल | पाँचौ/छैटौं | प्रशासन | लेखा | १ |
| ७ | पशु स्वास्थ्य प्राविधिक | पाँचौ/छैटौं | कृषि | भेटेरिनरी | १ |
| ८ | पशुसेवा प्राविधिक | पाँचौ/छैटौं | कृषि | ला.पो.डे.डे. | १ |
| ९ | प्राविधिक सहयक | पाँचौ/छैटौं | कृषि | मत्स्य | १ |
| १० | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो/पाँचौ | कृषि | भेटेरिनरी | १ |
| ११ | नायब पशु सेवा प्राविधिक | चौथो/पाँचौ | कृषि | ला.पो.डे.डे. | १ |
| १२ | नायब प्राविधिक सहायक | चौथो/पाँचौ | कृषि | मत्स्य | १ |
| १३ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जिनियरिङ | मेकानिकल | १ |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | २ |
| | | | | जम्मा : | १५ |

## ४. कार्यालयबाट प्रदान गरिने सेवाः

- पशुपन्छी उपचार सेवा
- पशुपन्छी रोगहरुको निदान
- पशुपन्छी रोगहरुको सर्भिलेन्स
- कृत्रिम गर्भाधान (गाई/भैसी/बाख्रा)
- पशु आहारा विकास सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरु
- पशुपन्छी तथा मत्स्य नश्लको गुणस्तर निर्धारण र नियमन ।
- पशुपन्छी विकास सम्बन्धी प्रवर्द्धनत्माक कार्यहरु
- जनस्वास्थ्य संरक्षणका लागि जुनोटिक एवं सिमा विहिन माहामारीजन्य रोगहरुको रोगहरुको रोगथाम नियन्त्रण नियमन तथा व्यवस्थापन ।
- पशुपन्छी तथा मत्स्य विकाससंग सम्वन्धित प्रविधि सम्बन्धी तालिम एवं प्रचार प्रसार
- पशुपन्छी तथा मत्स्य विमा तथा सहुलियत ब्याज दरको कृषि कर्जा प्रवाहमा समन्वय र सहजिकरण ।
- स्वीकृत कार्यक्रमहरु संचालन र कार्यान्वयन

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

### ५.१ पशु चिकित्सा तथा प्रयोगशाला शाखा

- पशुपन्छी रोग अन्वेषण तथा निदान गर्ने ।
- विशिष्टिकृत पशुपन्छी तथा मत्स्यका लागि औषधोपचार सेवा संचालन गर्ने।
- पशुपंक्षीलाई शल्यचिकित्सा सेवा उपलव्ध गराउने।
- पशुपन्छीको परिक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने।
- पशुपन्छी रोग सर्भिलेन्स गर्ने ।
- पशुपन्छी तथा माछाका लागि प्रयोगशाला सेवा संचालन गर्ने।
- उच्च प्रविधियुक्त रेडियोलोजीकल सेवा उपलब्ध गराउने । अल्ट्रासोनोग्राफी, एक्स-रे लगायतका सेवा उपलब्ध गराउने ।
- आवश्यकता अनुसार कार्यक्षेत्र भित्र विशिष्टकृत सेवा सहित विशेषज्ञबाट घुम्ती स्वास्थ्य शिविर, बाझोपन निवारण शिविर सञ्चालन गर्ने ।
- दुध, रगत, गोबर, पिसाव र छालाको नमूना परिक्षण गर्ने ।
- दुध, रगत, गोवर, पिसाव र छालाको कल्चर सेवा सञ्चालन गर्ने ।
- एन्टिबायोटिक सेन्सिटिभिटी परिक्षण सेवा सन्चालन गर्ने ।
- ईपिडेमियोलोजोकिल सर्भिलेन्स तथा रिपोर्टिङ्ग समन्वय गर्ने।
- कार्यक्षेत्र भित्र शल्य चिकित्सा सेवा तथा रेबिज रोग नियन्त्रणका लागि घरपालुवा तथा सामुदायिक कुकुर नियन्त्रण तथा बन्ध्याकरण सेवा सन्चालन गर्ने ।
- कार्यक्षेत्रमा खोपको माग तथा आपूर्ति व्यवस्थापन गर्ने।
- उत्पादित पशुपन्छी, माछा , पशुपन्छी जन्य उत्पादनको स्वच्छता तथा स्वस्थता निर्धारण गर्दै भेटनरी स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।
- कार्यक्षेत्र भित्र पशु स्वास्थ्य नियमन सेवा सञ्चालन सहजीकरण गर्ने।

- कार्यक्षेत्र भित्र पशुपंछीजन्य महामारी एवं प्रकोप व्यवस्थापन गर्ने।
- कार्य क्षेत्रमा पशु स्वास्थ्य नियमन कार्यान्वयन गर्ने।
- कार्यक्षेत्रमा जुनोटिक रोगहरुको रोकथाम, नियन्त्रण गर्ने।
- कार्यक्षेत्रमा घुम्ती भेटेरिनरी सेवा प्रवाह गर्ने।
- आधुनिक पशु उपचार सम्बन्धी प्रविधी हस्तान्तरण तथा विस्तार गर्ने।
- कार्यक्षेत्रमा पशु स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।
- कार्यक्षेत्र भित्र कार्यक्रमको अनुगमन गर्ने, पृष्ठपोषण गर्ने, दुध, फुल, मासुको पसल एवं बधस्थल अनुगमन व्यवस्थापन गर्ने ।
- एक स्वास्थ्यको अवधारणा कार्यान्वयन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्ने।
- प्रचलित कानून बमोजिम अन्य कार्य गर्ने ।

## ५.२ पशु विकास तथा प्रविधि प्रसार शाखा

- तरल नाइट्रोजन र जमेको विर्य भण्डारण र वितरण एवं सामुदायिक पशु प्रजनन् सेवा सन्चालन गर्ने।
- कार्यक्षेत्र मातहतमा केन्द्रको समन्वय/ पशु प्रजनन् सँग संवन्धित समस्याहरुको निराकरण गर्न बिशेष कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानिय तह स्तरमा कार्यसम्पादनमा रहेको कमी परिपूर्ति गर्न आवश्यक सहयोग गर्ने
- कार्यक्षेत्रमा देखा परेका चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन, परिक्षण, अनुसन्धान सेवा प्रवाह गर्ने।
- कार्यक्षेत्र भित्र आवश्यक घाँसको वीउ, सेट्स, आदिको माग संकलन तथा आपूर्ती ब्यवस्थापन सहजीकरण गर्ने।
- पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको सम्वन्धी तथ्याङ्क व्यवस्थापन गर्ने।
- पशुपन्छी प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण गर्ने।
- कृषि र पशुपन्छी बीमा सम्वन्धी योजना कार्यान्वयन गर्ने।
- पशुपन्छी निजि फार्म तथा स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन गर्ने ।
- असल पशु पालन अभ्यास प्रवर्द्धन तथा विस्तार, प्रविधि विस्तार, यान्त्रिकरण व्यवस्थापन गर्ने ।
- क्षमता अभिवृद्धि, सामाजिक परिचालन, जनचेतना अभिबृद्धि तथा संस्थागत सुधार गर्ने।
- उन तथा पश्मिनाको प्रवर्द्धन गर्ने।
- प्रविधि प्रसारका लागि पशुसेवा सूचना केन्द्र तथा अभिलेखालय संचालन, तालिम सामाग्री निर्माण गर्ने।
- दुध,मासु, फुलमा आत्म निर्भर हुन आफ्नो क्षेत्रभित्र कार्य योजना गर्ने एवं अभियान कार्यक्रम कार्यान्वयन गर्ने ।

## ५.३ मत्स्य विकास शाखा

- कार्य क्षेत्रका स्थानिय तहहरुलाइ मत्स्य व्यवसाय प्रवर्द्धनमा प्राविधिक सहयोग गर्ने
- कार्यक्षेत्र भित्र मत्स्य पालनमा देखिएका समस्या समाधानमा समन्वय गर्ने
- कार्यक्षेत्रको मत्स्य सम्बन्धी तथ्यांक अध्यावधिक गर्ने ।

- कार्यक्षेत्रमा देखा परेका मत्स्य पालनसंग सम्बन्धीत चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन, परिक्षण, अनुसन्धान सेवा प्रवाह गर्ने।
- मत्स्य गुणस्तरीय उत्पादन सामाग्री व्यवस्थापन र नियमन सम्बन्धी कार्यमा सहयोगी भूमिका खेल्ने।

### ५.४ प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- लगायत अन्य सम्पूर्ण प्रशासनिक कार्यहरु संचालन गर्ने
- कार्यालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य गर्ने
- जिन्सी तथा स्टोर व्यवस्थापन गर्ने ।
- जनशक्ति व्यवस्थापन गर्ने ।

### ५.५ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारीः

| सेवा प्रदान गर्ने शाखा | जिम्मेवारी अधिकारी |
|---|---|
| पशु चिकित्सा तथा प्रयोगशाला शाखा | अधिकृत श्री चिनेश्वर मेहता |
| पशु विकास तथा प्रविधि प्रसार शाखा | अधिकृत श्री राम प्रसाद मेहता |
| मत्स्य विकास शाखा | प्रा.स श्री गोपाल अधिकारी |
| प्रशासन शाखा | अधिकृत श्री कुलमणि बराल |
| आर्थिक प्रशासन शाखा | अधिकृत श्री मौसम ढुंगाना |

### ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर अविधि

### ६.१ दस्तुरः प्रदेश आर्थिक ऐन,२०७९ को अनुसूची-७ बमोजिम तपसिल बमोजिम रहेको छ ।

| क्र.सं. | सेवाको विवरण | इकाई | दस्तुर | समय |
|---|---|---|---|---|
| **१** | **पशुपन्छी उपचार सेवा** | | | |
| १.१ | गाई/भैसी | प्रति पशु | २०।०० | पशुको बीरामीको अवस्था अनुसार लाग्न सक्ने । |
| १.२ | कुखुरा/हाँस र अन्य पंक्षी | प्रति पंक्षी | ५।०० | |
| १.३ | भेडा/बाख्रा/बंगुर/खरायो | प्रति पशु | १०।०० | |
| १.४ | कुकुर/बिरालो | प्रति पशु | १००।०० | |
| १.५ | हाती/घोडा/बाँदर | प्रति पशु | १००।०० | |
| १.६ | अन्य वन्यजन्तु | प्रति पशु | १००।०० | |
| **२** | **पशुपन्छी प्रयोगशाला सेवा** | | | |
| २.१ | गोबर परिक्षण सबै जनावार | प्रति नमूना | १०।०० | १ घण्टा |
| **२.२** | **शव परिक्षण** | | | |
| क | गाई/भैसी | प्रति शव | ३००।०० | |
| ख | भेडा/बाख्रा/बंगुर | प्रति शव | १००।०० | |
| ग | पंक्षी | प्रति शव | ३०।०० | |
| घ | कुकुर/बिरालो | प्रति शव | ५००।०० | |

| क्र.सं. | सेवाको विवरण | इकाई | दस्तुर | समय |
|---|---|---|---|---|
| ङ | हाती/घोडा/बाँदर र अन्य वन्य जन्तु | प्रति शव | १०००।०० | |
| २.३ | एक्सरे सेवा (सानो जनावार) | प्रति पशु | १५०।०० | |
| २.४ | अल्ट्रा साउण्ड सानो जनावार) | प्रति पशु | २००।०० | |
| २.५ | कल्चर सेन्सीटिभी परिक्षण | प्रति नमूना | ५०।०० | |
| २.६ | दुध परिक्षण ( CMT) | प्रति नमूना | २५।०० | १ घण्टा भित्र |
| २.७ | रुटिन पिसा परिक्षण (pH, Glucose, Protein) | प्रति नमूना | २५।०० | १ घण्टा भित्र |
| २.८ | रुटिन रगत परिक्षण (TC, DC) | प्रति नमूना | ६०।०० | |
| २.९ | हेमोग्लोबिन (Hb) | प्रति नमूना | ३०।०० | |
| २.१० | पिसीभी (PCV) | प्रति नमूना | ३०।०० | |
| २११ | रगतको प्रोटोजोवा परिक्षण ( Blood Protozoan Test) | प्रति नमूना | १००।०० | |
| २.१२ | रेपिड परिक्षण (Disease Specfic) | प्रति नमूना | ५०।०० | |
| २.१३ | छाला परिक्षण ( Skin Scrapping) | प्रति नमूना | ५०।०० | |
| **३** | **पशु प्रजनन सेवा** | | | |
| **३.१** | **कृत्रिम गर्भाधान सेवा** | | | |
| क | गाई/भैसी/बाख्रा तथा बंगुर | प्रति पशु | २५।०० | एक घण्टा भित्र । |
| **३.२** | **गर्भ परिक्षण** | | | |
| क | सामान्य विधिबाट गाई/भैसीको गर्भ परिक्षण | प्रति पशु | ३०।०० | एक घण्टा भित्र |
| ख | USG विधिबाट गाई/भैसीको गर्भ परिक्षण | प्रति पशु | ५०।०० | |
| **३.३** | **भडाँलो फर्केको** | | | |
| क | ठूलो पशु (गाई/भैसी/घोडा | प्रति पशु | १५०।०० | एक घण्टा भित्र तथा केशको अवस्था अनुसार हुन सक्ने । |
| ख | साना पशु (भेडा/बाख्रा/बंगुर | प्रति पशु | ७०।०० | |
| **३.४** | **ब्याउन नसक्ने अवस्था ( Manual)** | | | |
| क | ठूलो पशु (गाई/भैसी/घोडा | प्रति पशु | १५०।०० | एक घण्टा भित्र तथा केशको अवस्था अनुसार हुन सक्ने । |
| ख | साना पशु (भेडा/बाख्रा/बंगुर | प्रति पशु | ५०।०० | |
| **४** | **सामान्य सर्जरी** | | | |
| ४.१ | खसी पार्ने (बोका/बहर/पाडा) | प्रति पशु | २५।०० | एक घण्टा भित्र तथा केशको अवस्था अनुसार हुन सक्ने । |
| ४.२ | Wound incision and dressing | प्रति पशु | ५०।०० | |
| ४.३ | Tail amputation | प्रति पशु | १००।०० | |
| ४.४ | Dehorning | प्रति पशु | १००।०० | |
| ४.५ | Immobilization of fracture | प्रति पशु | १००।०० | |

| क्र.सं. | सेवाको विवरण | इकाई | दस्तुर | समय |
|---|---|---|---|---|
| ६.६ | Other Minor Surgery | प्रति पशु | १००।०० | |
| ५ | **विशेष सर्जरी** | | | |
| ५.१ | Dog neutering operation | प्रति पशु | १०००।०० | |
| ५.२ | Cesarean of section of small ruminant & non –ruminant (Goat/Sheep/pig) | प्रति पशु | २५०।०० | |
| ५.३ | Cesarean of section of small large ruminant (Cattle/Buffalo) | प्रति पशु | ७५०।०० | |
| ५.४ | Rumentomy operation | प्रति पशु | ७५०।०० | |
| ५.५ | Others major surgery ( all animals) | प्रति पशु | ७५०।०० | |
| ६ | **मत्स्य तर्फ** | | | |
| ६.१ | तापक्रम मापन | प्रति नमूना | ५।०० | एक घण्टा भित्र |
| ६.२ | पानीको पारदर्शिता | प्रति नमूना | ५।०० | एक घण्टा भित्र |
| ६.३ | घुलित अक्सिजन | प्रति नमूना | १०।०० | एक घण्टा भित्र |
| ६.४ | पि.एच. | प्रति नमूना | ५।०० | एक घण्टा भित्र |
| ६.५ | अमोनिया ( NH3 and NH4) | प्रति नमूना | २०।०० | |
| ६.६ | नाइट्राइट (No2) | प्रति नमूना | २०।०० | |
| ६.७ | नाइट्रेट (No3) | प्रति नमूना | २०।०० | |
| ६.८ | मल्टिपारामिटर (GPS सहित १२ वटा पानीका सुचक एकै पटक जाँच गर्दा) | प्रति नमूना | ५०।०० | |
| ६.९ | माछाको नमूना परिक्षण | प्रति नमूना | २०।०० | |
| ७ | **प्रस्ताव आवेदन दस्तुर** | | | |
| ७.१ | व्यक्तिगत ( रु. ५० लाख भन्दा कम भएको योजना) | प्रति आयोजना | १००।०० | कार्यालय समयमा र आयोजनाको सूचना कार्यालयबाट सूचना प्रकाशन गरी तोकिएको मिति र कार्यालय समयमा भित्र |
| ७.२ | संस्थागत ( रु. ५० लाख भन्दा कम भएको आयोजना) | प्रति आयोजना | २००।०० | |
| ७.३ | रु. ५० लाख भन्दा बढी भएको आयोजना (संस्था र व्यक्तिगत | प्रति आयोजना | ५००।०० | |

**नोटः माथिका सेवाहरु कार्यालयको समयमा मात्र दिन सकिने र सार्वजनिक विदाको १०.००- १.०० बजेसम्म हुनेछ ।**

१. आइतबार देखि विहिबार १०.००- ५.०० बजे ( माघ १६ देखि कार्तिक १५ गते)

२. आइतबार देखि विहिबार १०.००- ४.०० बजे ( कार्तिक १६ देखि माघ १५ गते)

३. सुक्रबार १०- ३.०० बजेसम्म

**७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रियाः** नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख सम्म जानु पर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

टिप्पणी, आदेश र निर्णय गर्ने अधिकारीः- कार्यालय प्रमुख

निर्णय गर्ने अधिकारीः नि.कार्यालय प्रमुख श्री कुमार सिंह खत्री

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** निमित्त कार्यालय प्रमुख श्री कुमार सिंह खत्री

## ९. सम्पादन गरेको कामको विवरण (प्रथम त्रैमासिक)

| क्र.सं. | मुख्य मुख्य क्रियाकलाप | इकाई | प्रगति |
|---|---|---|---|
| १ | पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत वितरण | संख्या | २ |
| २ | व्यवसायी कृषकहरुसंग अन्तरक्रिया गोष्ठी | पटक/संख्या | २(५०) |
| ३ | एफ.एम, रेडीयो/पत्रपत्रिका/टि.भि.को माध्यमबाट सचेतना/सूचनामूलक कार्यक्रम संचालन | पटक | १ |
| ४ | व्यवसायिक मत्स्य फार्महरुमा स्थलगत मत्स्य उपचार तथा प्राविधिक परामर्श सेवा | संख्या | ५३ |
| ५ | कृत्रिम गर्भाधान सेवा | पटक/संख्या | २(२८०८) |
| ६ | इपिडेमिक तथा आकस्मीक पशु उपचार र रोग नियन्त्रण | पटक/संख्या | २(४०) |
| ७ | विभिन्न पशुपन्छी तथा मत्स्य रोगहरुको सर्भिलेन्स, नमुना संकलन, सम्परेषण र पृष्ठपोषण | पटक/संख्या | २(१४२) |
| ८ | थुनेलो रोग नियन्त्रण | पटक/संख्या | १(७७) |
| ९ | आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण | पटक/संख्या | १(८९७) |
| १० | रेविज रोग नियन्त्रण | संख्या | २(३२२) |
| ११ | पशुपन्छी उपचार सेवा | संख्या | २(३१६१) |
| १२ | पशुपन्छी रोग निदान सेवा | पटक/संख्या | १(१२३२) |
| १३ | रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण शिविर | पटक/संख्या | १(४१५) |
| १४ | स्थानिय तहका पशु सेवा शाखासँग समन्वय बैठक | पटक | २ |
| १६ | व्यवसायिक पशु फार्महरुलाई उन्नत घाँसको बीउँ, बेर्ना, सेट, स्लिप, साईलेजको लागि मकैको बीउ वितरण | पटक/संख्या | १(१००) |
| १७ | Urea Mineral Molasses Block (UMMB) वितरण | पटक/संख्या | १(६०) |
| १८ | राष्ट्रिय खोरेत रोग नियन्त्रण | संख्या | ८०००० |
| १९ | राष्ट्रिय स्वाईन फिभर रोग नियन्त्रण | संख्या | ३००० |
| २० | लम्पी स्कीन रोग विरुद्ध खोप | संख्या | ३३८५० |
| २१ | रानीखेत खोप | संख्या | १२००० |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

सूचना अधिकारीः चिनेश्वर मेहता

पदः अधिकृत (छैटो)

**EMail : vhlsec.sunsari@koshi.gov.np**

सम्पर्क नं.: ९८५१३०२५९९

प्रमुखको नामः डा मनोज कुमार महतो

पदः पशु चिकित्सक (आठौं तह)

सम्पर्क नं. : ९८५२०५५६२५

**Email: vhlsec.sunsari@koshi.gov.np**

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

### ११.१ ऐन

१. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७

२. पशु स्वास्थ्य तथा पशु सेवा ऐन,२०५५

३. पशु बधशाला तथा र मासु जाँच ऐन, २०५५

४. पशु चिकित्सा परिषद ऐन, २०५५

५. खाद्य स्वच्छता तथा गुणस्तर ऐन,२०८१

६. खाद्य-ऐन-२०२३

७. राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन २०४८

८. नेपाल-कृषि-अनुसन्धान-परिषद् ऐन २०४८

९. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन,२०७९

१०. वातावरण संरक्षण ऐन, २०७६

११. बीउ बिजन ऐन, २०४५ (दोश्रो संसोधित, २०७९)

१२. दाना पदार्थ ऐन, २०३३

१३. औषधी ऐन, २०३५

### ११.२ नियमावली

१. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८

२. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली,२०५६

३. पशु बधशाला तथा र मासु जाँच नियमावली, २०५७

४. पशु चिकित्सा परिषद नियमावली, २०५७

५. दाना पदार्थ नियमावली, २०४१

६. बर्डफ्लू नियन्त्रण नियमावली, २०७८

७. औषधी नियमावली, २०४३

८. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१

### ११.३ निर्देशिका

१. व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१

२. भेटेरिनरी नियमन निर्देशिका, २०७५

३. पशु बधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका, २०६४

४. बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलग्ध गराउने निर्देशिका, २०७०

५. खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका २०८१

६. पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०

७. जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८

८. मासु तथा मासुजन्य पदार्थ उत्पादन, प्रशोधन र वितरण निर्देशिका, २०७३

९. मासु तथा मासुजन्य पदार्थ उत्पादन, प्रशोधन र वितरण निर्देशिका, २०७३

१०. पशुपन्छी तथ्याङ्क संकलन निर्देशिका, २०७२

११. पशु कल्याण निर्देशिका, २०७३

**११.४ कार्यविधि**

१. प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८०

२. बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१

११.५ मापदण्डः

१. आन्तिरक नियन्त्रण प्रणाली, २०७८

२. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८

३. बर्डफ्लु राहत मापदण्ड,२०७९

४. माछा भुरा बारे मापदण्ड, २०६१ (पहिलो संसोधन २०७७ सहित)

**११.६ नीति/रणनीतिः**

१. राष्ट्रिय मत्स्य विकास नीति, २०७९

२. राष्ट्रिय पशुपन्छी प्रजनन नीति, २०७८

३. राष्ट्रिय दुग्ध विकास नीति, २०७८

४. खर्क नीति, २०६८

५. पन्छीपालन नीति, २०६८

६. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३

७. राष्ट्रिय कृषि नीति, २०६१

८. कृषि जैविक विविधता नीति, २०६३

९. एक स्वास्थ्य रणनीति, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः

**१२.१ आम्दानी विवरणः**

**राजश्वः रु. २४६४३५।०० (प्रथम त्रैमासिक)**

| प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | हालसम्मको जम्मा |
|---|---|---|
| ४५२८५।०० | ६९५४७।०० | ११४८३२ |

**१२.२ बेरुजु विवरण**

| हालसम्मको बेरुजु रु. | यस त्रैमासिकमा फछ्र्यौंट रु. | फछ्र्यौंट हुन बाँकी रु. | कैफियत |
|---|---|---|---|
| २३८५१६५.०० | - | २३८५१६५.०० | |

**खर्चको फाँटवारी विवरण**

**१२.३.१ ब.उ.शि.नं. ३१२०२०१३३ (चालु) को खर्चः**

| खर्च/वित्तिय संकेत नं. | खर्च/ वित्तिय संकेतको नाम | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ८३२६०००।०० | २९८८५५७।७० | ५३३७४४२।३० |
| २११२१ | पोशाक | १२००००।०० | - | १२००००।०० |
| २११३२ | महंगी भत्ता | २८८००००।०० | ९३०००।०० | १९५०००।०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ५००००।०० | १५०००।०० | ३५०००।०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ७००००।०० | १९४००।०० | ५०६००।०० |
| २२१११ | पानी तथा विजुली | ३०००००।०० | ९८९१५।०० | २०१०८५।०० |
| २२११२ | संचार महसुल | १४२०००।०० | २२०००।०० | १२००००।०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७८८०००।०० | २४३६९७।८७ | ५४४३०२।१३ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ८५००००।०० | २३१८०२।५० | ६१८१९७।५० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | १०००००।०० | - | १०००००।०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | २०००००।०० | ३८५००।०० | १६१५००।०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार खर्च | ३०००००।०० | १९२०६२।०० | १०७९३८।०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ४०००००।०० | १८२०१२।०० | २१७९८८।०० |
| २२३१४ | इन्धन – अन्य प्रयोजन | १६०००।०० | - | १६०००।०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १२००००।०० | १९९७२।०० | १०००२८।०० |
| २२४१३ | करार सेवा शुल्क | १७६७०००।०० | ८४९८२८।०० | ९१७१७२।०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३०००००।०० | ८८४५०।०० | २११५५०।०० |
| २२६१२ | भ्रमण खर्च | १४८०००।०० | ६९१५०।०० | ७८८५०।०० |

| खर्च/वित्तिय संकेत नं. | खर्च/ वित्तिय संकेतको नाम | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| २२७११ | विविध खर्च | ५६५०००।०० | १६४३००।०० | ४००७००।०० |
| **कुल जम्मा** | | **१४८५००००।००** | **५३१६६४७।०७** | **९५३३३५२।९३** |

**१२.३.२ पशु सेवा व.उ.शि.नं. ३१२०२०१४३ (चालु कार्यक्रम) को खर्च फाँटवारी**

| खर्च/वित्तिय संकेत नं. | खर्च/ वित्तिय संकेतको नाम | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
